# लक्ष्मीपुर पतारी गाँउपालिका
## गाँउ कार्यपालिकाको कार्यालय
लक्ष्मीपुर पतारी, सिरहा
२ नं. प्रदेश, नेपाल

प. सं. : २०७५/७६

फोन नं. ९८५२८३२६१५, ईमेल: laxmipurpatari@gmail.com

चलानी नं. : ६८१

मिति : २०७६।०२।०३


### दरभाउपत्र सम्बन्धी सुचना संशोधन गरिएको सुचना

**दोश्रो पटक यस पत्रिमाका मिति २०७६।१।२८ गते प्रकाशित सुचनामा केही प्राविधिक त्रुटी भएकोले यस कार्यालयको मिति २०७६।२।३ गतेको निर्णयानुसार प्रकाशित सुचनामा तपसिल बमोजिमको व्यवस्था हुनुपर्नेमा अन्यथा भएको हुँदा संशोधन गरि पुनः सुचना प्रकाशन गरिएको छ ।**

1. यस गाउँपालिकाको चालु आ.ब. २०७५।७६ को स्वीकृत कार्यक्रम बमोजिम तपसिलमा उल्लेखित कार्य सिलबन्दी दरभाउपत्र मार्फत गराउनु पर्ने भएकोले इच्छुक र इजाजत प्राप्त निर्माण व्यवसायीहरुबाट खरिद प्रकृयामा सहभागि हुन यो सूचना प्रकाशित गरिएको छ ।
2. दोश्रो पटक सुचना प्रकाशित भएको मिति देखि १५ औं दिन (२०७६।२।१२ गते) सम्म दरभाउपत्र फाराम यस कार्यालयमा सम्बन्धित निर्माण व्यवसायीको प्रतिनिधिले अद्यावधिक नविकरण गरेको व्यवसाय दर्ताको प्रमाणित इजाजत पत्र, अद्यावधिक नवीकरण फर्म, संस्था वा कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपि, VAT र PAN दर्ता प्रमाणपत्रको प्रतिलिपि, आ.व. २०७४/७५ को कर चुक्ता गरेको प्रमाण पत्र को फोटोकपी र सम्बन्धित व्यवसाय सम्बन्धी कसुरमा आफूले सजाय नपाएको भनी लिखित रुपमा गरेको स्व-घोषणापत्र नियमानुसार तपसिलमा उल्लेखित दरभाउपत्र फाराम दस्तुर यस कार्यालयको नाममा रहेको एनसिसि बैंक, लक्ष्मीपुर पतारी शाखामा रहेको संचित कोष खाता नं. १४३००००००३९०१ मा दाखिला गरेको सक्कल भौचर (रकम फिर्ता नहुने गरी) साथ निवेदन पेश गरेपछि यस कार्यालयबाट उपलब्ध गराइने छ ।
3. खरिद गरिएको दरभाउपत्र फारमहरुको महलहरु स्पष्ट रुपमा भरी प्रत्येक पानामा सहिछाप गरी दोश्रो पटक सुचना प्रकाशित भएको मितिदेखि १६ औं दिन (२०७६।२।१३ गते) को १२:०० वजे भित्र यस कार्यालयमा उपस्थित भई दरभाउपत्र दर्ता गराउन सकिने छ । दर्ता हुन आएको सिलबन्दी दरभाउपत्र फारमहरु दरभाउपत्रदाताहरु वा निजको प्रतिनिधिहरुको रोहवरमा सोही दिनको २:०० बजे खोलिने छ । समयमा निज वा निजका प्रतिनिधिहरु उपस्थिति हुन नसके पनि वोलपत्र खोल्न वाधा पर्नेछैन । दरभाउपत्र फारम खरिद गर्ने वा दाखिला गर्ने अन्तिम दिन वा दरभाउपत्र खोल्ने दिन सार्वजनिक विदा परेमा सो लगतै कार्यालय खुलेको दिन क्रमशः सोही समयमा हुनेछ । तर दरभाउपत्र मान्य अवधि र जमानत मान्य अवधि शुरुकै मितिबाट कायम हुनेछ ।
4. दरभाउपत्र फाराम साथ जमानत वापतको रकम यस कार्यालयको नाममा रहेको एनसिसि बैंक, लक्ष्मीपुर पतारी शाखामा रहेको धरौटी खाता नं. १४३००००००४००१ मा दाखिला गरेको सक्कल भौचर वा मान्यता प्राप्त "क" वर्गको बैंकबाट यस कार्यालयको नाममा जारी गरिएको ७५ दिन म्याद भएको सक्कलै जमानी पत्र (बिडवण्ड) दरभाउपत्र साथ पेश गर्नुपर्ने छ ।
5. प्राप्त दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।
6. रित नपुगेका, यसै सूचनाको दफा २ बमोजिमका कागजातहरु संलग्न नभएका, म्याद नाघी आएका, कुनै शर्त राखेको, दस्खत तथा छाप नभएको, खामबन्दी गरी लाहाछापले सिल नगरेको दरभाउपत्र उपर कुनै कार्यवाही गरिने छैन ।
7. यस सुचनामा उल्लेख नभएका विषयमा सावर्जनिक खरिद ऐन, २०६३ (संशोधन सहित) तथा सार्वजनिक खरिद नियमावली, २०६४ (संशोधन सहित) तथा प्रचलित कानून अनुसार हुनेछ ।
8. दरभाउपत्र सम्बन्धी थप कुरा बुझ्नु परेमा कार्यालय समयभित्र सम्पर्क राख्न सकिनेछ ।

तपसिल

| ठेक्का नं. | कामको विवरण | आयोजना स्थल | अनुमानित लागत रु. (भ्याट बाहेक) | जमानत रकम रु. | दरभाउपत्र फारम दस्तुर रु. |
|---|---|---|---|---|---|
| 5/NCB/075-76 | गढीमाईको मन्दिर निर्माण आयोजना | पोखरभिण्डा पर्सा | ८,६२,१६०।२४ | २७,०००।०० | रु.१०००।०० |

प्रमुख प्रशासकिय अधिकृत

2076-02-03

Scanned by CamScanner